लुम्बिनी प्रदेश सरकार
उद्योग,पर्यटन तथा यातायात मन्त्रालय
उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

# घरेलु तथा साना उद्योग कार्यालय

सिद्धार्थनगर,रुपन्देही

फोनः ०७१-५७०२०४

## उत्कृष्ट उद्यमी सम्मान सम्बन्धी सूचना ।।।

सूचना प्रकाशित मितिः २०८२/०९/१३

यस कार्यालयको आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार रुपन्देही जिल्ला भित्र उद्योग दर्ता गरी सञ्चालन गरिरहेका लघु,घरेलु तथा साना उद्यमीहरुमध्येबाट एक (१) जना महिला सहित दुई (२) जना उद्यमीलाई "उत्कृष्ट उद्यमी सम्मान कार्यविधि,२०८१" बमोजिम नगद पुरस्कारबाट सम्मान गर्ने कार्यक्रम रहेको हुँदा उक्त कार्यविधी अन्तर्गत उत्कृष्ट उद्यमी सम्मान प्राप्त गर्न इच्छुक उद्यमीहरुले सोहि कार्यविधिको अनुसूची २ बमोजिमको ढाँचा अनुसारको विवरण सहितको फाराम र आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र घरेलु तथा साना उद्योग कार्यालय, रुपन्देहीमा आवेदन पेश गर्नुहुन अनुरोध छ ।

तपसिल

क. लुम्बिनी प्रदेशमा स्थायी बसोबास भई रुपन्देही जिल्लामा उद्यम गरिरहेको नेपाली नागरिक
ख. उद्यमी स्वयं आफै सञ्चालक भई व्यवसाय दर्ता र सञ्चालन गरेको,
ग. विगत २ वर्षदेखि निरन्तर उद्यम गरिरहेको,
घ. नियमित रुपमा सरकारलाई तिर्नुपर्ने कर बुझाएको र आफ्नो व्यवसायको लेखापरीक्षण गराएको,
ङ. पछिल्लो ३ वर्षमा कुनै पनि सरकारी निकायबाट पुरस्कार तथा सम्मान प्राप्त नगरेको ।

आवश्यक कागजातहरु

१. अनुसुची-२ बमोजिमको आवेदन फाराम,
२. नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
३. उद्योग दर्ता तथा नविकरण गरेको प्रमाणपत्रको प्रतिलिपि,
४. उद्योगको स्थायि लेखा नं. प्रमाणपत्रको प्रतिलिपि,
५. पछिल्लो आ.व.को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,
६. पछिल्लो आ.व.को लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि,
७. उद्यमी लक्षित समुहमा पर्ने भएमा सो समुह खुल्ने प्रमाणित कागजात,
८. उद्यमीले पछिल्लो ३ आ.व. मा कुनै पनि सरकारी निकायबाट सम्मान तथा पुरस्कार प्राप्त नगरेको स्वःघोषणा पत्र,
९. आवेदन फाराम घरेलु तथा साना उद्योग कार्यालय रुपन्देहीको, वेवसाइट csirupandehi.lumbini.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।साथै यस सम्बन्धमा थप जानकारी आवश्यक भएमा कार्यालयको फोन नं. ०७१५७०२०४ वा प्रशासन सहायक शशी भट्टको फोन नं. ९८६८३६३९२७ वा उद्यम विकास सहजकर्ता अनन्त पन्थीको फोन नं. ९८५७०१७४९५ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

२०८२/०९/१३

(शारदा भट्टराई)
प्रमुख उद्योग अधिकृत
प्रमुख उद्योग अधिकृत